नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

# आ.व. २०८१/८२ को दोस्रो त्रैमासिक प्रतिवेदन




२०८१।०९।२९

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
कावासोती
२०७४

# आ.ब. २०८१/८२ को दोस्रो त्रैमासिकमा सम्पादन भएका कार्यहरुः

| सि.नं. | सम्पादित कामको विवरण | |
|---|---|---|
| १ | नागरिकताको प्रमाण पत्र वितरण | महिला – १०४८<br>पुरुष- १०२०<br>जम्मा -२०६८ |
| २ | नागरिकताको प्रमाण पत्रको प्रतिलिपि | महिला – ८२२<br>पुरुष- १०९४<br>जम्मा -१९१६ |
| ३ | नागरिक एपबाट प्राप्त गुनासोहरु संवोधन<br>अनुसूची अनुसार CIMS मा संशोधन | १९० |
| ५ | अभिलेख डिजिटाइजेसन (नागरिकताको अभिलेख Scan) | १५० |
| ६ | E-passport (Enrolment) | महिलाः १३१५<br>पुरुषः २०४९<br>नाबालकः११४<br>जम्माः४६७९ |
| ७ | राष्ट्रिय परिचय पत्रको विवरण संकलन | महिला-२१९०<br>पुरुष-२९६८<br>जम्मा-५१५८ |
| ८ | विपदवाट प्रभावित घरको संख्या | - |
| ९ | विपद् प्रभावितलाई वितरण गरिएको राहत | |
| १० | संस्था दर्ता ऐन, २०३४ वमोजिम दर्ता भएको संस्थाको संख्या | १३ |
| ११ | नविकरण भएका संस्थाहरुको संख्या | १५४ |
| १२ | अन्य जिल्लामा दर्ता भएका संस्थाको शाखा कार्यालय स्थापना गर्न स्वीकृती दिएको संख्या | - |
| १३ | संस्थाको विधान संशोधन | - |
| १४ | राजश्व संकलन (राहदानी दस्तुर,धरौटी र संस्था दर्ता/नविकरण) | राहदानी शुल्कः३८०३५०००/-<br>परिक्षा शुल्कः३५०००/-<br>कम्पनी रजिष्ट्रेशन दस्तुरः२५६२००/-<br>हातहतियारको इजाजतपत्र दस्तुरः७५७५०/-<br>अन्य प्रशासनिक शुल्कः५६६००/-<br>सरकारी सम्पत्तिको विक्रिवाट प्राप्त रकमः५०००/-<br>जम्माः३८६३६१७०/- |
| १५ | • मुद्दा दर्ताः<br>• मुद्दा फछ्यौंट संख्याः | अल्याः२५ नयाः २४ जम्माः४९<br>२० |
| १६ | सवारी तथा यातायात व्यवस्था ऐन वमोजिम क्रिया खर्च र क्षतिपूर्ति भराउन परेका निवेदनः | ३ |

सहायक प्रमुख जिल्ला अधिकारी

| | | |
|---|---|---|
| १७ | ठाडो उजुरी सख्याः | १३ |
| १८ | नाबालक परिचय पत्र वितरण | महिलाः८१<br>पुरुषः१०५<br>जम्माः १८६ |
| १९ | आदिवासी/जनजाती, दलित, मधेशी र खस आर्य प्रमाणित | महिलाः९४<br>पुरुषः१४८<br>जम्माः२७८ |
| २० | भारतिय सैनिकको नाम, थर, उमेर फरक परेको सिफारिस र प्रमाणित तथा पारिवारिक पेन्सन सिफारिस संख्या | महिलाः५०<br>पुरुषः७३<br>जम्माः१२३ |
| २१ | भारतिय सैनिक बाहेक अन्यको विवरण फरक परेको व्यहोरा प्रमाणित | १९८ |
| २३ | चालचलन प्रमाणित | - |
| २४ | लागु औषध उपचार तथा पुर्नस्थापना केन्द्रहरुको अनुगमन | १ |
| २५ | सुरक्षा समितिको बैठक | ६ |
| २६ | कसूरजन्य सम्पत्ति व्यवस्थापन जिल्ला स्तरीय समिति | १ |
| २९ | जिल्ला विपद व्यवस्थापन समितिको वैठक संख्या | १ |
| ३० | राजनीतिक दलसँग समन्वय बैठक | १ |
| ३१ | कार्यालय प्रमुखको बैठक | ३ |
| ३२ | विविध बैठक | ४ |

## १. शान्ति सुरक्षा तथा अपराध नियन्त्रण :

यो जिल्ला चितवन, पाल्पा, तनहुँ र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) संग जोडिएको छ । अपराधिक दृष्टिकोणले बढी संवेदनशिल नभएतापनि महेन्द्र राजमार्गको ७० कि.मि. यसैमा पर्ने हुनाले सडक दुर्घटना, लागु औषध ओसारपसार तथा दर्व्यसनी, प्राकृतिक स्रोत साधनको दोहन, चोरी निकासी पैठारीका विषयमा संवेदनशिल नै देखिन्छ । हालको अवस्था सामान्य रहेको छ ।

<u>शान्ति सुरक्षा तथा अपराध नियन्त्रणका सम्बन्धमा भएका कार्यहरु :</u>

- Crime Map सहितको *एकीकृत रणनीतिक सुरक्षा योजना, २०८१* अद्यावधिक गरी कार्यान्वयन भएको ।
- *एकीकृत रणनीतिक सुरक्षा योजनाको क्षेत्रगत कार्ययोजना, २०८०* अद्यावधिक गरी कार्यान्वयन भएको ।
- *दशैं, तिहार, छठ लगायतका चाडपर्व लक्षित संयुक्त सुरक्षा योजना, २०८१* तर्जुमा गरी कार्यान्वयन भएको ।

सहायक प्रमुख जिल्ला अधिकारी

- जिल्ला सुरक्षा समितिको बैठक – १४ पटक
- राजमार्ग (सडक) मा हुने अवरोध हटाउन गर्नु पर्ने सुरक्षा कार्वाहीको कार्यविधि, २०७५ बमोजिम *राजमार्ग सुरक्षा कार्ययोजना, २०८०* तयार गरी कार्यान्वयन भएको ।
- सुरक्षा निकायको निरीक्षण - ४ पटक
- दैनिक रुपमा जाहेरी पठाउने गरिएको (DRS प्रतिवेदन)।

## २. सुशासन र सेवा प्रवाह

- **२०८१/८२ दोस्रो त्रैमासिकसम्म सम्पन्न बैठक :**
  - जिल्ला सुरक्षा समितिको बैठक : ६ पटक
  - जिल्ला विपद व्यवस्थापन समितिको बैठक : १ पटक
  - कार्यालय प्रमुखको बैठकको निर्णय : ३ पटक
  - सूचना अधिकारीको बैठक : १ पटक
  - कसुरजन्य सम्पत्तिको जिल्लास्तरीय अनुगमन तथा मुल्याङकन समितिको बैठकः १ पटक
  - राजनीतिक दलसंगको समन्वय बैठक -१
  - राजस्व चुवावट नियन्त्रण समितिको बैठक -१
  - स्टाफ बैठक - ३
- सेवा प्रवाह सरल र सहज बनाउनको लागि यस कार्यालयको वार्षिक कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको ।
  - यस कार्यालयका अधिकृत कर्मचारीहरुसंग कार्यसम्पादन सम्झौता गरी कार्य गर्ने गरिएको ।
  - मासिक रुपमा कार्यालय प्रमुखको नियमित बैठक बस्ने गरेको । सूचना अधिकारीको बैठक प्रत्येक ३/३ महिनामा बस्ने भएको । स्वतः प्रकाशन (proactive disclosure) समयमा नै प्रकाशित गर्ने गराउने गरिएको । प्रत्येक महिनामा मासिक प्रतिवेदन प्रकाशन गर्ने/गरिएको।

- **राजश्व चुहावट अनुगमन तथा नियन्त्रण**
  जिल्लाभित्र राजश्व चुहावट नियन्त्रण गरी आर्थिक अनुशासन कायम गर्ने तथा अर्थतन्त्रमा सकारात्मक योगदान दिने उद्देश्य सहित राजश्व चुहावट अनुगमन तथा नियन्त्रण समितिको बैठक बस्ने गरेको ।
- **सरकारी कार्यालय निरीक्षण : ३ पटक**

- **संघ सस्था अनुगमन र मन्त्रालय प्रतिवेदन** :- संस्था दर्ता ऐन, २०३४ बमोजिम यस कार्यालयमा दर्ता भएका ६ वटा संघ सस्थाको अनुगमन भएको ।
- **बजार अनुगमन : ४ पटक**

सहायक प्रमुख जिल्ला अधिकारी

## ३. लागु औषध नियन्त्रण

- विद्यालय, क्याम्पस, युवा क्लवमा युवा लक्षित सचेतना कार्यक्रम सञ्चालन गरिएको ।
- लागु औषध पुनर्स्थापना केन्द्रको अनुगमन : १ पटक
- लागू औषधको कारोबार, उपयोग तथा ओसारपसार नियन्त्रणको लागि निरीक्षण तथा अनुगमन नियमित रुपमा गर्ने गरेको ।

## ४. विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन :

- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना,२०८१ र मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८१ तर्जुमा गरी कार्यान्वयनमा रहेको ।
- शितलहरको जोखिम न्युनीकरण कार्यायोजना -२०८१ तर्जुमा भइ कार्यान्वयन भएको
- जिल्ला विपद व्यवस्थापन समितिको बैठक -१ पटक
- स्थानीय तह, सुरक्षा निकाय तथा सरोकारवाला निकायको समन्वयमा विपद् खोजी तथा उद्धारका कार्यहरु गर्ने गरिएको ।
- राहत वितरण : मिति २०८१/०३/१२ गते परेको चटयाङ्गको कारणबाट कावासोती नगरपालिका वडा नं १४ बस्ने श्री डिलकुमारी थरुनीको मृत्यु भएकोले निजको श्रीमान श्री हेमनारायण थारुलाई जिल्ला विपद् व्यवस्थापन कोषबाट कार्यविधी बमोजिम उपलब्ध गराईएको रु २ लाख रकम अनुमोदन गराएको।
- मिति २०८१/०४/२२ गते आएको बाढीबाट कावासोती नगरपालिका वडा नं ४ बस्ने श्री सुदिप ढुङ्गानाको छोरा २ वर्ष ६ महिनाको श्री सुवास ढुङ्गानाको मृत्यु भएकोले निजको परिवारलाई जिल्ला विपद् व्यवस्थापन कोषबाट रु २ लाख राहत उपल्बध गराएको।
- ▯ मिति २०८१।०६।१५ गते १५:३० बजेको समयमा जिल्ला पूर्वी नवलपरासी गैंडाकोट न.पा. ११ स्थित पूर्व पश्चिम लोकमार्गमा सशस्त्र प्रहरी बल, नेपाल नं. ३१ गुल्म हे.क्वा. पूर्वी नवलपरासीद्वारा कृत्रिम सडक दुर्घटना सेमुलेसन कार्यक्रम सुरु भई ऐ. १६:०० बजेको समयमा समाप्त भएको । उक्त सेमुलेशन कार्यक्रममा राजमार्गमा सवार सवारी साधनमा रहेका यात्रु, एवम् अ.३०/४० जना स्थानीयहरुको उपस्थिति रहेको ।उक्त नमुना अभ्यास कार्यक्रममा सवारी दुर्घटना उद्धार सम्बन्धी सामान्य जानकारी तथा अकस्मात उक्त घटना हुदाँ के कसरी जोगिन तथा बच्न सकिन्छ र कसरी उद्धार गर्ने सो सम्बन्धमा अभ्यास गरी देखाईएको ।
- शितलहरबाट प्रभावित ३७ घर परिवारलाई कम्बल वितरण गरिएको।

(माधव प्रसाद शर्मा)
सहायक प्रमुख जिल्ला अधिकारी